**आकाशवाणी समाचार- नेपाली**
**मितिः १२ मई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

## प्रमुख समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीले मानिसहरुलाई राष्ट्रिय संसाधन माथिको भार कम गर्न एकजुट हुन आह्वान गर्नुभयो। पश्चिम एशिया संघर्षलाई दशकको सबैभन्दा ठूलो संकट मध्ये एक बताउनुभयो।
- ईरान र अमरीका संघर्ष समाप्त गर्ने प्रयासहरुलाई लिएर गतिरोध जारी।
- प्रधानमंत्री नरेन्द्र मोदी शुक्रवार देखि पांच देशहरु संयुक्त अरब अमीरात ,नीदरलैंड्स, स्वीडन नर्वे र ईटलीको भ्रमणमा रहनुहुनेछ।
- भारतीय जनता पार्टीका नेता हिमंत विश्व सरमाले आज दोस्रो पटक असमको मुख्यमन्त्रीको रूपमा शपथ लिनुहुनेछ।यो राज्यमा एनडीएको लगातार तेस्रो कार्यकाल हुनेछ।
- आईपीएल क्रिकेटमा दिल्ली कैपिटल्सले पंजाब किंग्सलाई तीन विकेटले पराजित गरेको छ।

## प्रधानमन्त्री पश्चिम एशिया संघर्ष

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एशिया संघर्षलाई एक दशककै सबैभन्दा ठूलो संकटको रूपमा बताउंदै राष्ट्रिय संसाधन माथिको भार कम गर्न नागरिकहरूलाई एकजुट हुन आह्वान गर्नुभएको छ।बडोदरामा हिजो सरदारधाम छात्रावासको लोकार्पण गर्दै प्रधानमन्त्रीले भन्नुभयो सरकारले यो परिस्थितिको देशवासीहरूमा न्यूनतम प्रभाव पार्ने कुरा सुनिश्चित गर्न निरन्तर प्रयास गरिरहेको छ।

**बाइट- पीएम वेस्ट एशिया-**

प्रधानमन्त्री मोदीले मानिसहरुलाई सात सूत्री अपील अपनाउन आग्रह गर्नुभएको छ।

**बाइट- पीएम अपील-**

श्री मोदीले देशवासीहरूलाई विदेशहरुबाट आयातित उत्पादहरुको उपयोग कम गर्न र विदेशी मुद्रा खर्च हुने व्यक्तिगत गतिविधिहरूबाट बच्न आग्रह गर्नुभयो। उहाँले नागरिकहरूलाई स्वदेशी उत्पादहरूको बढी भन्दा बढी प्रयोग गर्न आह्वान गर्नुभयो।

## अमरीका-ईरान युद्धविराम

अमरीका अनि ईरान बीच युद्धविरामलाई लिएर तेल बजारमा उथल-पुथल अनि कूटनीतिक तनाव बढेको छ। अमरीकी राष्ट्रपति डॉनल्ड ट्रंपले भन्नुभयो वॉशिंगटन अनि तेहरान बीच लागू युद्धविराम खुबै खराब स्थिति छ। जसले स्थायी शांतिको आशामाथि फेरी प्रश्न उब्जाएको छ।

यस अघि ईरानले अमरीकाको शांति प्रस्तावहरुमा आफ्नो प्रतिक्रिया पठाएको थियो। ईरानले सबै मोर्चामा संघर्ष समाप्त गर्ने, अमरीकी प्रतिबंध हटाउने, अमरीकी नौसैनिक नाकाबंदी अन्त्य गर्ने अनि होर्मुज़ जलडमरूमध्यको प्रबंधनमा ईरानको भूमिकालाई मान्यता दिने मांग गरेको थियो। प्रस्तावमा पहिले समझौता ज्ञापन अनि तीस दिनको बातचीतको चरणबद्ध रोडमैप पनि सामेल थियो।

तर, राष्ट्रपति ट्रंपले ईरानको शर्तहरुलाई “पूर्ण रुपले अस्वीकार्य” बताउनु भयो। त्यसपछि अंतराष्ट्रीय तेल मूल्यहरुमा तिब्र बढ़ोतरी देखियो। ब्रेंट क्रूडको दाम 105 डॉलर प्रति बैरल पार गरेको छ। त्यही, सऊदी अरबका अधिकारिले भन्नुभयो यो संघर्षले ऊर्जा क्षेत्रमा हालसम्म सबैभन्दा विकट स्थिति उत्पन्न भएको छ। उहाँको भनाई अनुसार यदि होर्मुज़ जलडमरूमध्यको नाकाबंदी तुरंत समाप्त भए पनि, वैश्विक तेल बजार पूर्ण रुपले सामान्य वर्ष 2027 सम्म समय लाग्न सक्ने छ।

**सरकार पेट्रोलियम उत्पाद**

सरकारले देशमा पेट्रोलियम उत्पादहरुको कुनै कमी नभएको बताएको छ। **60 दिनको कच्चा तेल र प्राकृतिक ग्यासको भण्डार तथा 45 दिनको एलपीजीको भण्डार** रहेको छ।विदेशी मुद्रा भंडार 7 सय तीन अर्ब डलरको स्तरमा छ। रक्षा मंत्री राजनाथ सिंहको अध्यक्षतामा हिजो नयाँ दिल्लीमा भएको मंत्रिसमूहको बैठकमा यो जानकारी दिईयो।

**प्रधानमंत्री पांच देशों की यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदी शुक्रवारदेखि पांच देशहरुको यात्रामा प्रस्थान गर्नुहुनेछ। पहिलो चरणमा उहाँ संयुक्त अरब अमीरात पुग्नु हुनेछ अनि राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नह्यानसित भेट गर्नु हुनेछ। दुइ नेताले द्विपक्षीय मुद्दाहरुमाथि विचार विमर्श गर्नेछन्। विशेष रूपले ऊर्जा सहयोग तथा परस्पर हितको क्षेत्रीय अनि अंतराष्ट्रीय मुद्दाहरुमा पनि बातचीत हुनेछ। द्विपक्षीय कार्यनीतिक साझेदारी बढाउने उपायहरुमा पनि विचार विमर्श हुनेछ।

यात्राको दोस्रो चरणमा प्रधानमंत्री शुक्रवार नीदरलैंड्स पुग्नु हुनेछ। यस अघि उहाँले 2017 मा नीदरलैंड्सको यात्रा गर्नुभएको थियो। प्रधानमंत्री मोदीले नरेश विलेम अलेक्जेंडर अनि महारानी मैक्सिमासित भेट गर्नु हुनेछ। प्रधानमंत्रीले रॉब जेटेनसित पनि बातचीत गर्नु हुनेछ। प्रधानमंत्रीको यात्राले नीदरलैंड्ससितको संबंधहरुलाई नयाँ गति दिनेछ। त्यसपछि, प्रधानमंत्री मोदी आइतबार स्वीडनको यात्रामा गोथनबर्ग पुग्नु हुनेछ। स्वीडनका प्रधानमंत्री अल्फ क्रिस्टर्सनसित बातचीतमा द्विपक्षीय संबंधहरुको समीक्षा गरिनेछ तथा व्यापार अनि विभिन्न क्षेत्रहरुमा सहयोगको नयाँ उपाय खोजिने छ। दुइ प्रधानमंत्रीले यूरोपीस आयोगका अध्यक्ष उर्सुला वॉन डेर लियेनसित उद्योग जगत प्रमुखहरुलाई संबोधित गर्ने कार्यक्रम छ।

यात्राको चौथो चरणमा प्रधानमंत्री मोदी सोमवार नॉर्वे पुग्नु हुनेछ। उहाँ तेस्रो भारत- नॉर्वे शिखर सम्मेलनमा भाग लिनुहुनेछ। प्रधानमंत्री मोदीको यो पहिलो नॉर्वे यात्रा हुनेछ। पछिलो 43 वर्षहरुमा कुनै भारतीय प्रधानमंत्रीको पनि यो पहिलो नॉर्वे यात्रा हो। प्रधानमंत्री मोदीले नॉर्वे नरेश हेराल्ड पंचम अनि महारानी सोन्जासित भेट गर्नु हुनेछ अनि प्रधानमंत्री **जोनास गहर स्टोरे** सित द्विपक्षीय बातचीत गर्नुहुनेछ ।

यात्राको अंतिम चरणमा प्रधानमंत्री मोदी यो महीनाको 19 तारीख देखि इटलीको आधिकारिक यात्रामा हुनु हुनेछ। उहाँले इटलीका राष्ट्रपति सर्जियो मैटारेलासित भेट गर्नु हुनेछ। प्रधानमंत्री जॉर्जिया मेलोनीसित पनि उहाँले व्यापक बातचीत गर्नु हुनेछ। विदेश मंत्रालयले भनेको छ, प्रधानमंत्री मोदीको पांच देशहरुको यात्राले यूरोप सित भारतको साझेदारी बलियो हुनेछ।

**चौहान नड्डा सेहत**

कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानले भन्नुभयो देशमा खाद्यान्नको पर्याप्त भंडार छ अनि कुनै प्रकारको अभाव छैन। हिजो नयाँ दिल्लीमा स्वास्थ्य अनि परिवार कल्याण मंत्री जगत प्रकाश नड्डासित कृषि बदलाव स्वास्थ्यका लागि विज्ञानको उत्कृष्टता – सेहत, को शुभारंभ गर्दै श्री चौहानले भन्नुभयो यो पहलले मानिसहरुका लागि स्वास्थ्यकर जीवनशैलीलाई बढावा दिनमा सहयोग मिल्नेछ।

**बाइट- शिवराज सिंह चौहान**

स्वास्थ्य अनि परिवार कल्याण मंत्री जगत प्रकाश नड्डाले भन्नुभयो यो पहलले स्वास्थ्य क्षेत्र प्रति सरकारको सक्रियतालाई दर्शाउद छ। उहाँले रोकथाम, शुरूआती पहिचान अनि सक्रिय हेरचार सहित सस्तो अनि उच्च गुणवत्ताको स्वास्थ्य सम्म पहुंच बढाउने माथि बल दिनु भयो। श्री नड्डाले प्रभावी पहलका लागि विज्ञान, नीति अनि कार्यान्वयनको समन्वय माथि पनि जोर दिनु भयो।

**बाइट- नड्डा**

सेहत पहलको उद्देश्य स्वस्थ भारतका लागि कृषि, पोषण अनि वैज्ञानिक नवाचारलाई बलियो गर्नु हो।

**असम - मुख्यमंत्री शपथग्रहण**

भारतीय जनता पार्टीका नेता हिमंत विश्व सरमाले आज दोस्रो पटक असमको मुख्यमन्त्रीको रूपमा शपथ लिनुहुनेछ।उहाँका साथ चार जना मन्त्रीले पनि शपथ लिनुहुनेछ, जसमध्ये दुई जना भाजपाका र एक-एक जना सहयोगी दल असम गण परिषद् र बोडोल्याण्ड पिपुल्स फ्रन्टका हुनेछन्।यो असममा राष्ट्रिय जनतान्त्रिक गठबन्धन - एनडीएको तेस्रो सरकार हुनेछ।हिमन्त विश्व सरमाले सोशल मीडिया पोस्टमा वरिष्ठ भाजपा नेता रणजीत कुमार दास  विधानसभा अध्यक्ष पदका लागि एनडीए उम्मेदवार हुने बताउनु भएको छ। शपथ ग्रहण समारोहमा प्रधानमंत्री  मोदी रक्षा मंत्री राजनाथ सिंह, गृह मंत्री अमित शाह , वित्त मंत्री निर्मला सीतारामन तथा एनडीए शासित राज्यहरुका मुख्यमंत्री र उपमुख्यमंत्री पनि यस अवसरमा उपस्थित रहनुहुनेछन।मिजोरमका मुख्यमंत्री पनि समारोहमा सामेल हुनुहुनेछ।

**तमिलनाडु सरकार शपथग्रहण**

तमिलनाडुमा अल इन्डिया डीएमकेका 30  जना विधायकहरूले पी. वेलुमणीलाई विधायक दलको नेता र सी. विजय भास्करलाई सचेतकको रूपमा चयन गरेको घोषणा गरेपछि राजनीतिक परिस्थितिले मोड लिएको छ।यी विधायकहरूले अस्थायी अध्यक्ष करुपैयासित भेट गरि आफ्नो हस्ताक्षरित पत्र उहाँलाई सुम्पीएका छन्।यसैबीच, 17 जना विधायकहरूको एक अन्य समूहले ई. पलानीस्वामीलाई विधायक दलको नेताको रूपमा चयन गरेको छ।यस विधानसभा सत्रमा, मुख्यमन्त्री सी. जोसेफ विजयको नेतृत्वमा रहेको नयाँ सरकारले भोली सम्ममा आफ्नो बहुमत प्रमाणित गर्नुपर्नेछ।

**आईपीएल क्रिकेट-परिणाम**

आईपीएल क्रिकेटमा हिजो दिल्ली कैपिटल्सले पंजाब किंग्सलाई 3 विकेटले पराजित गरेको छ।  211 रनको लक्ष्यलाई खेदो गर्दै दिल्ली कैपिटल्सले 19 ओवरमा 7 विकेटमा 216 रन बनाएर मैच जितेको हो।